# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
चलानी नं.: 906

मिति : २०८०/०४/०८

**विषय : एम्वुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यु लगाएत शाखा प्रमुख सवै ।
श्री स्वास्थ्य शाखा लगाएत स्वास्थ्य सस्थाहरु मादी गाउपालिका कास्की ।
श्री एम्वुलेन्स चालक श्री वसन्त देवकोटा र डेडनाथ देवकोटा मादी गाउपालिका कास्की ।
श्री सरोकार स्थानीय नागरीक सवै ।

प्रस्तुत विषय सम्बन्धमा विगत वर्षमा सुत्केरी र जेष्ठनागरीक लाई स्थानिय स्वास्थ्य सस्था सहित पोखरा पुर्‍याउने, गरी एकतर्फि रुपमा निशुल्क एम्वुलेन्स सेवा दिने गरीएको विषय सर्वविदितै छ । वढ्दो इन्धन खर्च, वार्षिक रुपमा हुने एम्वुलेन्स मर्मत खर्चमा भएको वृद्धि केही कर्मचारीले आफुखुशी यदाकदा विना अनुमति प्रयोग गर्नेगरेको भनि आएको गुनासो, सहित चालु वर्षको वजेटको नीति अनुसार चालुखर्चमा भएको कटौती, अध्यक्ष र उपाध्यक्ष सग जनता कार्यक्रम सहित लक्षीत वर्ग कार्यक्रम समेत वाट दिईने अनुदान, र स्थानीय स्तरमा हालैको वजेट अनुसार गरिने स्वास्थ्य परिक्षण तथा घुम्तीशिविर, समेत लाई मध्येनजर गरी गाउकार्यपालिकाको मिति २०८०।०४।०८को निर्णय अनुसार तपशिल बमोजिम एम्वुलेन्स सेवा प्रदान गर्नु गराउनुहुन जानकारी गरिन्छ ।

२०८०।४।०८

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

**तपशिल**

१, सुत्केरी हुने महिलाको हकमा स्थानीयस्तरका स्वास्थ्य सस्थामा सुत्केरी गराउने वा पोखरा अस्पतालमा लाने गरी घरवाट,लादा वा ल्याउदा ( एक तर्फि) निशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने ।

२,असाध्ये रोग (८) अर्न्तगतका कडा रोगी, (क) वर्गका अपाङ्ग, र ७० वर्ष माथीका जेष्ठ नागरीक व्यक्तीको उपचार स्थानीय स्वास्थ्य सस्था तथा उपचार सम्भव नहुने भई पोखरा लानुपर्ने भएमा ( लादा वा ल्याउदा ) एक पटक (एकतर्फि ) एम्वुलेन्स सेवा वर्षमा ३ पटक सम्मको लागी निशुल्क गर्ने ।

३, भिर तथा रुखवाट लडेको विरामी तथा अति कमजोर आर्थिक अवस्था, सहित जटील स्वास्थ्य स्थिति भएको कारण वाट स्थानिय स्तरमा उपचार हुने सम्भव नभई पोखरा लानुपर्ने अवस्था भएका ५० देखी ६९ वर्ष समुहका स्थानीय व्यक्ती लाई वडा र स्वास्थ्य शाखाको सिफारीस अनुसार अध्यक्ष उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वाट तोक आदेश भएमा मात्र ( लादा वा ल्याउदा ) एक पटक मात्र एम्वुलेन्स सेवा निशुल्क गर्ने ।

४,माथी उल्लेखीत वाहेकका स्थानीय व्यक्ती र गाउपालिकाका पदाधिकारी कर्मचारी कसैलाई पनि एम्वुलेन्स सेवा निशुल्क नगर्ने ।

५, स्वास्थ्य सस्थाका ओषधी लगाएत कार्यलय सग सम्बन्धीत सामाग्री कही कतै ओसार पोसार गर्नुपरेमा कार्यलय प्रमुखको अनुमतीमा मात्र एम्वुलेन्स प्रयोग गर्ने ।
६, एम्वुलेन्स सञ्चालक समितिको वैठक तथा आय सहितको विवरण मासिक एकपटक वैठक वसी छलफल र सार्वजनिक गर्ने

**वोधार्थ**
श्री सुचना प्रविधि शाखा ( वेभसाईटमा राखीदिनुहुन )

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत